खडक नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
कल्याणपुर,सप्तरी

औषधी उपकरण तथा सर्जिकल समान खरिद सम्बन्धि शिलबन्दी दरभाउपत्र आहवानको सूचना

**प्रथम पटक प्रकाशित मिति :- २०७५/०२/२७**

यस कार्यालय अन्तर्गतका स्वास्थ्य संस्थाको लागि चालु आ.व. २०७४/०७५ मा आवश्यक पर्ने औषधी, उपकरण तथा सर्जिकल सामानहरु शिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले इच्छुक इजाजत प्राप्त रजिष्टर्ड, उत्पादक कम्पनी तथा वितरकबाट निम्न सर्तको अधिनमा रही रितपूर्वकको शिलबन्दी दरभाउपत्रपेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ ।

१ प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र रु. १,०००/- (फिर्ता नहुने गरी) यस न.पा.को स्टोर शाखामा नगद दाखिला गरि आयकर दर्ता प्रमाणपत्र तथा मु.अ.कर दर्ता प्रमाण- पत्र, फर्म, संस्था वा कम्पनी दर्ता प्रमाण-पत्र, औषधी व्यवस्था विभागबाट औषधी कारोबार गर्न लिएको इजाजतपत्रकोनबिकरण भएको प्रमाणित प्रतिलिपि, आ.व. २०७३/०७४ को कर चुक्ताको प्रमाणपत्र समेतको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपिहरु संगलन राखि रु. १० को टिकट टाँसी शिलबन्दी दरभाउपत्रदाता वा निजको आधिकारीक प्रतिनिधिले शिलबन्दी दरभाउपत्रफारम यस कार्यालयको स्टोर(राजश्व) फाटँमा निवेदन पेश गरि शिलबन्दी दरभाउपत्रखरिद गर्न सकिनेछ ।

२ सुचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजेभित्र शिलबन्दी दरभाउपत्ररितपूर्वक भरी यस कार्यालयमा शिलबन्दी दरभाउपत्रदर्ता गराई सक्नुपर्नेछ । दर्ता भएका शिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभए पनि शिलबन्दी दरभाउपत्रखोल्न बाधापर्ने छैन । शिलबन्दी दरभाउपत्रखरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछन र शिलबन्दी दरभाउपत्र १६ औं दिन दिनको २:०० बजे खुल्नेछ ।

३ सिलबन्दी दरभाउपत्र दर्ता गर्दा जमानतवापतको रकम रा.वा.बैंक शाखा कार्यालय राजविराज सप्तरीमा रहेको खडकनगरपालिकाको कार्यालय संचित कोष खाता नम्बर २१८०३०४०१८१०५ मा दाखिला गरेको सक्कलै दोस्रो प्रति बैंक भौचर वा कम्तीमा ७५ दिन म्याद ( शिलबन्दी दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति देखि) भएको मान्यता प्राप्त बैंकको विडवण्ड (जमानत पत्र) शिलबन्दी दरभाउपत्रसाथ पेँश गर्नुपर्नेछ । शिलबन्दी दरभाउपत्र दाताले मूल्य अभिबृद्धि करबाहेकको दर अंक र अक्षर दुवैमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षर स्पष्ट उल्लेख भएको दररेटमा भिन्नता भएमा अक्षरलाई मान्यता दिईनेछ ।

४ सम्पूर्ण आइटमको बोल कबोल गरेको दरले हुन आउने न्युन्तम जम्मा मूल्यको दरभाउ पत्रदाताको शिलबन्दी दरभाउपत्र स्वीकृत गरिनेछ र शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

५ शिलबन्दी दरभाउपत्रदाताले आफुले खरिद गरेकै शिलबन्दी दरभाउपत्रदर्ता गराउनुपर्नेछ । फोटोकपी गरी पेश गरेको शिलबन्दी दरभाउपत्रलाई मान्यता दिइने छैन । साथै शिलबन्दी दरभाउपत्रमा कुनै शर्त राखि पेश गरेमा मान्य हुने छैन ।

६ स्वीकृत शिलबन्दी दरभाउपत्रअनुसारको सामान एकमुष्ट वा आवश्यकतानुसार पटक-पटक आदेश दिई खरिद गरिनेछ । साथै सप्लाई गरिने औषधीको म्याद स्टोर दाखिला भएको मितिले कम्तीमा १८ महिनाको हुनुपर्नेछ र १२ महिना मात्र म्याद हुने औषधीको हकमा कम्तीमा ९ महिना म्याद बाँकी भएको हुनुपर्नेछ

७ रित नपुगेको शिलबन्दी दरभाउपत्र माथि कुनै कारबाही गरिने छैन । साथै शिलबन्दी दरभाउ पत्र स्वीकृत भए पछि कार्यालयले तोकेको समय अवधीभित्र औषधी बुझाउनुपर्नेछ र कबोल गरेको औषधी बुझाउन नसकेमा सार्वजानिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ बमोजिम कार्बाही हुनेछ । सम्पूर्ण करहरु र कार्यालयको गोदाम घरसम्मको ढुवानी खर्च शिलबन्दी दरभाउपत्रदाताले नै व्यहोर्नुपर्नेछ ।

८ सप्लाई हुने औषधीको प्रत्येक स्ट्रीपमा र प्रत्येक प्याकिङ्गको बाहिर समेत उत्पादन मिति, Expiry Date , ब्याच नम्बर र नेपाल सरकारबाट निःशुल्क वितरणको लागि (Free Supply For Ministry of Health, Nepal) स्पष्टहरुमा देखिने गरी लेखिएको हुनुपर्नेछ ।

९ शिलबन्दी दरभाउपत्रसम्बन्धी अन्य केही कुरा बुझ्न परेमा कार्यालय समय भित्र यस कार्यालयको स्टोर फाटँ र स्वास्थ्य शाखाबाट बुझ्न सकिनेछ ।

१० WHO, GMP Certified Company हरुको औषधी मात्र सप्लाई गर्नुपर्नेछ र उपकरण तथा सर्जिकल सामानहरु गुणस्तयुक्त कम्पनी र नेपाल सरकारबाट बन्देज नलगाईएको हुनुपर्नेछ । प्रत्येक औषधी,उपकरण तथा सर्जिकल आईटमको नमूना (Sample) को सिलबन्दी गरी शिलबन्दी दरभाउपत्र दर्ता गर्दा पेश गर्नु पर्नेछ ।

११ प्राप्त भएको औषधी, उपकरण तथा सर्जिकल सामानको सक्कल बिल छुटाछुटै प्राप्त भई स्टोर दाखिला भएपछि बजेट निकासाको आधारमा भुक्तानी दिईनेछ ।

१२ सार्वजानिक खरिद नियमावली २०६४ को नियम ४० (ङ) अनुसार शिलबन्दी दरभाउपत्रदाता खरिद कारबाहीमा आफनो स्वार्थ नबाँझिएको सम्बन्ति पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भन्ने लिखितरुपमा घोषणापत्रसमेत शिलबन्दी दरभाउपत्रसाथ पेश गर्नुपर्नेछ ।

१३ आपूर्ति गरिने औषधीहरु चक्की र क्यापसुल स्ट्रीप फर्ममा र बोतलको हकमा प्लास्टिक बोतल मात्र सप्लाई गर्नु पर्ने छ ।

१४ शिलबन्दी दरभाउपत्रफारममा आफुले सप्लाई गर्ने प्रत्येक औषधी, उपकरण तथा सर्जिकल सामग्रीहरुको आईटम वाईज उत्पादक कम्पनीको नाम अनिवार्य रुपले उल्लेख गर्नुपर्नेछ ।

१५ आ.व. २०७४/०७५ को लागि औषधी खरिदमा बजेट रकम थप घट भएको अवस्थामा यसै शिलबन्दी दरभाउपत्रको दररेट अनुसार खरिद गर्न सकिनेछ । शिलबन्दी दरभाउपत्रमा पेश गरेको मूल्य यस आ.व.को २०७५ असार मसान्तसम्म कायम रहनेछ ।, थप मूल्य बृद्विलाई स्वीकार गरिने छैन ।

१६ शिलबन्दी दरभाउपत्रदाताले उपलब्ध गराइने औषधी गुणस्तरयुक्त नभएमा फिर्ता गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । यसरी फिर्ता गर्दा लाग्ने ढुवानी खर्च शिलबन्दी दरभाउपत्रदाताले बेहोर्नु पर्ने छ ।

१७ यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु प्रचलित सार्वजनिक खरिद ऐन २०६३, तथा नियमावली, २०६४ अनुसार हुनेछन् ।

१८ अन्य जानकारीको हकमा खडक नगरकार्यपालिकाको कार्यालय सप्तरी, स्टोरफाँट र स्वास्थ्य शाखामा सम्पर्क राख्नुहुन ।

१९ औषधी, उपकरण तथा सर्जिकल समानको जम्मा लागत विवरण :

| सि.नं. | विवरण | लागत अनुमान रकम मू.अ.कर बाहेक | धरौटी रकम २.५ % | कैफियत |
|---|---|---|---|---|
| १. | औषधी उपकरण तथा सर्जिकल समानहरु | रु. १८,७०,०००/- | रु.४६७५० /- | |

निरज कुमार देव
नि. प्रमुख प्रशासकिय अधिकृत

निरज कुमार देव
प्रमुख प्रशासकिय अधिकृत